# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मिति: २०८२।०१।२३ गते।

# प्रेस विज्ञप्ति

**विषयः** प्रतिवादी विनोद पुनसमेत रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट **पूर्वाधार विकास कार्यालय, सल्यानका तत्कालीन निमित्त कार्यालय प्रमुख इन्जिनियर विनोद पुन** समेतका प्रतिवादीहरु उपर जिल्ला सल्यान, शारदा नगरपालिका, वडा नं. १५ स्थित सुन्दरडाँडा-थाङ्नेखोला सडक निर्माण कार्यमा सम्झौता बमोजिमको सडक हुन नसकेको, निर्मित सडकमा सवारी साधन संचालन हुन नसकेको र फिल्डमा भए गरेको कार्य लुकाई छिपाई नभए नगरेको कुरा देखाई बढी मूल्याङ्कन गरी नापी किताबमा चढाई अन्तिम बील भुक्तानीको लागि गलत नापी किताब, उपभोक्ता समितिको बील तथा कार्यसम्पन्न प्रतिवेदन स्वीकृत गरी रु.७,१४,०४१।०९ बराबरको सार्वजनिक सम्पति हानि नोक्सानी गरेको देखिएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ग) र (ङ) तथा ऐ.ऐनको दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा प्रतिवादीहरुउपर रु.७,१४,०४१।०९ बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी बिगोसमेत असुल उपर हुन साथै ऐ.ऐनको दफा १९ को उपदफा (२) बमोजिम समेत सजाय हुन मागदावी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा विशेष अदालतले मिति २०८०।११।१५ को फैसलाबाट सफाई दिएकोले उपरोक्त फैसलाउपर मिति २०८२।०१।२३ गते सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको छ।

प्रवक्ता
राजेन्द्र कुमार पौडेल